मिति : २०७४।०१।०८

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

**क. निकायको स्वरुप र प्रकृति :**
कम्पनी ऐन, २०५३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम संचालित नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था हो ।

**ख. निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन ,२०६३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कार्यरत कर्मचारी संख्या ६४४ रहेको छ र बैंकले तोकेका कार्यहरु विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद http://swbbl.com.np/management-team/ मा उपलब्ध छ।

**घ. निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम 'घ' वर्गका वित्तीय संस्थाले गर्ने कार्यहरु अन्तर्गतका सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखाको विवरण बैंकको वेभसाईट http://swbbl.com.np/branch-offices-2/ मा उपलब्ध छ । सेवा सम्बन्धी विस्तृत जानकारी सो कार्यालयका प्रमुखबाट उपलब्ध हुनेछ ।

**च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवा सम्बन्धी जानकारी यस बैंकको वेभसाईट http://swbbl.com.np/product-and-services/ बाट लिन सकिनेछ । सोको शुल्क तथा अवधिको जानकारी सम्बन्धित शाखा/उपशाखा कार्यालयबाट उपलब्ध हुनेछ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
विभिन्न प्रकारका बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकहरुको उजुरी गर्नका लागि हाल केन्द्रीय स्तरमा निर्णय उपर उजुरी सुन्ने अधिकारी प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ । निजको ठेगाना यस प्रकार रहेको छ ।
श्री नरेश मान प्रधान
प्रमुख कार्यकारी अधिकृत
स्वावलम्बन लघुवित्त विकास बैंक लि, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौ ।

**झ. सम्पादन गरेको कामको विवरण :**
बकैं तथा वित्तीय सस्था सम्बन्धी ऐन २०६३ बमोजिम 'घ' वगर्का लघुवित्त विकास बैंकहरुले गर्नसक्ने बैकिङ्ग कारोबारहरु सम्पादन भइरहको छ ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :**
ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीहरुलाई तोकिएको छ ।
**सूचना अधिकारी :**
श्री चन्द्रमणि चौलागाँई,
पद : का.मु. विभागीय प्रबन्धक
फोन नं.: ०१-४४३४९२१, ०१-४४३४९२२, ईमेल: info@swbbl.com.np cc : chandra@swbbl.com.np

साथै, यस बैंकका शाखा/इलाका कार्यालयका कार्यालय प्रमुखहरुले उपलब्ध भएसम्म आवश्यक भएका सूचना प्रदान गर्नेछन् ।

**बैंकका कार्यकारी प्रमुखको नाम र ठेगानाः**
श्री नरेश मान प्रधान
पद : प्रमुख कार्यकारी अधिकृत
स्वावलम्बन लघुवित्त विकास बैंक लि, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ०१-४४३४९२१, ०१-४४३४९२२, ईमेलः naresh@swbbl.com.np

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. करार ऐन,२०५६ आदि ।
१२. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१३. नेपाल राष्ट्र बैंकका सम्पूर्ण निर्देशिकाहरु

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु नेपाल राष्ट्र बैंकले तोके बमोजिम यस बैंकको सूचना पाटीमा प्रकाशित गर्ने गरिएको छ । साथै, आवश्यकता हेरी सो विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा तथा बैंकको वेभसाईट http://swbbl.com.np/quarterly-report/ मा समेत प्रकाशित गरिन्छ । वार्षिक विवरणहरु वार्षिक प्रतिवेदन मार्फत सार्वजनिक गर्ने गरिएको छ । जुन यस बैंकको वेभसाईट http://swbbl.com.np/annual-report/ मा समेत उपलब्ध छ ।

**साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय वमोजिम रहेको छ ।**

क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण :
यस बकैंले बौंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरको छैन ।

ख) सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण : http://swbbl.com.np

ग) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेभसाईटमा समेत प्रकाशन गरिएको छ । साथै आवश्यकता अनुसार बैंकको वेभसाइट तथा पत्रपत्रिकामा त्रैमासिक विवरण समेत प्रकाशित हुने गरेका छन् । बैंकका गतिविधिहरु सम्बन्धी विवरण यस बैंकको “स्वावलम्बन बैंक समाचार” नामक त्रैमासिक पत्रिका (जुन बैंकको वेभ साइटमा समेत उपलब्ध छ ।)मा प्रकाशित गर्ने गरिन्छ ।